**सभाबाट स्वीकृत मितिः २०७९/०३/०९**

# हलेसी तुवाचुङ नगरपालिकाको
# आर्थिक ऐन २०७९

## ऐन प्रमाणिकरण

प्रमाणिकरण गर्नेको दस्तखतः

नाम थरः विमला राई

पदः नगर प्रमुख

# हलेसी तुवाचुङ नगरपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०७९

**प्रस्तावनाः**

हलेसी तुवाचुङ नगरपालिकाको आर्थिक बर्ष २०७९।०८० को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा गैरकर राजश्व संकलन गर्ने, छुट दिने तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधान २२८ को उपधारा (१) बमा्जिम नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम "हलेसी तुवाचुङ नगरपालिकाको आर्थिक ऐन २०७९" रहनेछ ।

(२) यो ऐन २०७९ श्रावण १ गते देखि हलेसी तुवाचुङ नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

**२. मालपोत वा भूमिकरः**

हलेसी तुवाचुङ नगरपालिकाले नगरपालिका क्षेत्रभित्रका जमिनमा **अनुसूची १** बमोजिम मालपोत वा भूमिकर असुल उपर गरिनेछ ।

**३. घरवहालकरः**

हलेसी तुवाचुङ नगरपालिकाले नगरपालिका क्षेत्रभित्र कुनै घर, टहरा, पसल, ग्यारेज, जग्गा जमिन वहालमा लगाउदा धनीले प्राप्त गर्ने घरवहाल आयमा **अनुसूची २** बमोजिमको घरवहाल कर असुल उपर गरिनेछ ।

**४. व्यवसायकरः**

हलेसी तुवाचुङ नगरपालिकाले नगरपालिका क्षेत्रभित्र संचालन भएका र संचालन हुने उद्यम, व्यवसायमा **अनुसूची ३** बमोजिमको व्यवसायकर असुल उपर गरिनेछ ।

**५. विज्ञापनकरः**

हलेसी तुवाचुङ नगरपालिका क्षेत्रभित्र राखिने कुनै पनि व्यवसायिक उत्पादन वा सेवा सम्वन्धी विज्ञापनका साधन (होर्डिङ्गवोर्ड, साइनवोर्ड, व्यानरवोर्ड, ग्लोसाइनवोर्ड, डिजिटलवोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लेख्ने वा विद्युतीय तरङ्ग प्रयोग गरी प्रचार प्रसारका लागि राखिने वस्तु वा सामाग्री) मा **अनुसूची ४** बमोजिम बिज्ञापनकर असुल उपर गरिनेछ ।

**६. सवारी साधनकरः**

हलेसी तुवाचुङ नगरपालिकाक्षेत्रभित्र संचालन हुने साना सवारी साधन रिक्सा, अटोरिक्सा, ई रिक्सामा **अनुसूची ५** बमोजिम सवारी साधनकर असुल उपर गरिनेछ ।

**७. जीवजन्तु, वनपैदावार, जडिवुटी र कवाडीकर**

हलेसी तुवाचुङ नगरपालिका क्षेत्रभित्रबाट व्यवसायिक संकलन तथा निकासीमा **अनुसूची ६** बमोजिम निकासीकर असुल उपर गरिनेछ ।

**८.मनोरन्जनकरः**

हलेसी तुवाचुङ नगरपालिका क्षेत्रभित्र संचालन गरिने कुनै पनि मनोरन्जनात्मक कार्यक्रम संचलन गर्दा नगरपालिकाले **अनुसूची ७** बमोजिम मनोरनजनकर असुल गरिनेछ ।

**९. स्थानीय पूर्वाधार (सडक) उपयोग शुल्कः**

हलेसी तुवाचुङ नगरपालिका क्षेत्रभित्र नगरपालिका वा अन्य सरकारी निकायबाट निर्माण गरी सार्वजनिक उपयोगमा रहेको स्थानीय पूर्वाधार सुविधा उपयोग गरेवापत **अनुसूची ८** बमोजिम स्थानीय पूर्वाधार (सडक) उपयोग शुल्क संकलन गरिनेछ ।

**१०.दहत्तर वहत्तर, प्राकृतिक श्रोत वस्तु वा सेवा विक्रि तथा निकासी सेवा शुल्कः**

हलेसी तुवाचुङ नगरपालिका क्षेत्रभित्रको दहत्तर वहत्तर, प्राकृतिक श्रोत वस्तु वा सेवा विक्रि तथा निकासी गर्दा **अनुसूची ९** बमोजिम शुल्क असुल उपर गरिनेछ ।

**११. भवन संरचना नक्सापास दस्तुरः**

हलेसी तुवाचुङ नगरपालिका क्षेत्रभित्र भवन तथा संरचना निर्माण गर्नु पूर्व भवन तोकिए कानून बमोजिम निर्माण यजाजत लिनु पर्नेछ । भवन इजाजत प्राप्त गर्दा **अनुसूची १०** बमोजिमको भवन संरचना नक्सापास दस्तुर असुल उपर गरिनेछ ।

**१२.वहाल विटौरी शुल्कः**

हलेसी तुवाचुङ नगरपालिका क्षेत्रभित्र रहेका सरकारी स्वामित्व वा उपभोग वा संरक्षणमा रहेको जग्गा वा संरचना उपयोग गरेवापत नगरपालिकाले **अनुसूची ११** बमोजिम वहाल विटौरी शुल्क असुल उपर गरिनेछ ।

**१३.पार्किङ्ग शुल्कः**

हलेसी तुवाचुङ नगरपालिका क्षेत्रभित्रका पार्किङ्ग गरिने सवारी साधनहरुमा नगरपाकिाले **अनुसूची १२** बमोजिम पर्यटन सेवाशुल्क संकलन गरिनेछ ।

**१४. सरसफाइ शुल्कः**

हलेसी तुवाचुङ नगरपालिकाले बजारक्षेत्रमा **अनुसूची १३** बमोजिम सरसफाई सेवाशुल्क संकलन गरिनेछ ।

**१५.सेवाशुल्कः**

हलेसी तुवाचुङ नगरपालिकाले नगर कार्यपालिकाको कार्यालय तथा अन्य कार्यालय मार्फत प्रदान गरिने सेवामा सेवाको गुणस्तर र लागतको आधारमा **अनुसूची १४** बमोजिम सेवाशुल्क संकलन गरिनेछ ।

**१६ दण्ड जरिवानाः**

हलेसी तुवाचुङ नगरपालिकाले नगरपालिकाले प्रचिलत कानून तथा नगरपालिकाको विषयक्षेत्रगत कानूनको उलंघनमा कानूनमा उल्लेख भए बमोजिम दण्ड जरिवाना लगाउन, असुल उपर गर्न सकिनेछ ।

**१७.दर घटाउन, वढाउन र छुट दिन सक्नेः**

(१) प्रचलित कानूनमा जे सुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइने कर, दस्तुर, शुल्क, महसुलको दर घटाउन, वढाउन र त्यस्तो कर, दस्तुर, शुल्क, महसुल आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाएको वा वढाएको वा छुट दिएको सूचना स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्नेछ । आ.व.२०७९।०८० मा **अनुसूची १५** बमोजिम कर छुट गरिने वा तोकिए बमोजिम हर्जाना रकम समेत थप असुल उपर गरिनेछ ।

(२) उपदफा १ बमोजिम दिइएको पूर्ण वा आंशिक छुट सुविधा कसैले दुरुपयोग गरेको प्रमाणित भएमा यसरी दिइएको छुट कर, दस्तुर, शुल्क र महसुल रकम असुल उपर गरी सो रकम बरावरको जरिवाना समेत गरिनेछ ।

**१८.कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि बनाउन सकिनेः**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन कार्यलाई व्यवस्थित बनाउन हलेसी तुवाचुङ नगरपालिका, नगर कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

**१९.प्रक्रिया सरलिकरण वा वाधा अडकाउ फुकुवा गर्न सकिनेः**

प्रचलित कर सम्वन्धी कानून तथा यो ऐन कार्यान्वयनको क्रममा कुनै वाधा अडकाउ पर्न गएमा नगर कार्यपालिकाले अवधि थप गर्न, प्रक्रिया सरलिकरण गर्न वा प्रक्रियामा देखिएको वाधा अडकाउ फुकाउ गर्न विशेष व्यवस्था गर्न सकिनेछ ।

## अनुसूची १
## (दफा २ संग सम्वन्धित)
## मालपोत तथा भूमिकर दर

| | | | |
|---|---|---|---|
| क | ५ रोपनी वासो भन्दा कम जग्गा | | ५० |
| ख | ५ रोपनी देखि १० रोपनी सम्म | | ७५ |
| ग | १० रोपनी देखि २० रोपनी सम्म | | १०० |
| घ | २० रोपनी देखि माथि | | प्रति रोपनी १० |

## अनुसूची २
## (दफा ३ संग सम्वन्धित)
## घरवहालकर दर

| | |
|---|---|
| **नगरपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना,जग्गा आदि वहालमा दिएकोमा सम्वन्धित घरधनीवाट २ प्रतिसतका दरले वहाल कर असुल उपर लिईनेछ ।साथै संस्थागत सम्झौताका आधारमा सम्वन्धित संस्थाले वहाल कर तिर्ने भन्ने सम्झौता भएमा सोहि संस्थाले वहाल कर तिर्नु पर्नेछ ।** | |
| क | वहालमा लिदा, दिँदा सम्झौताको लिखित जानकारी न.पा. लाई दिनुपर्ने |
| ख | वहालकर उठाउने प्रयोजनका लागि सरकारी कार्यालय तथा आन्तरिक राजश्व कार्यालय संग समन्वय गरिनेछ |

**अनुसूची ३**
**(दफा ४ संग सम्वन्धित)**
**व्यवसायकर**

| सि.न. | विवरण | इकाई | रु |
|---|---|---|---|
| **१** | **किराना पसल** | | |
| क | किराना थोक पसल | | १५०० |
| ख | मूख्य सडकमा रहेको किराना खुद्रा पसल | | ७०० |
| ग | भित्री सडकमा रहेका साना किराना पसल | | ५०० |
| **२** | **जुत्ता,चप्पल पसल** | | |
| क | कपडा तथा फेन्सी थोक पसल | | १६५० |
| ख | कपडा तथा फेन्सी खुद्रा पसल | | ७०० |
| ग | जुत्ताचप्पल थोक विक्री | | १६५० |
| घ | जुत्ताचप्पल खुद्रा विक्री | | ७०० |
| **३** | **भाडा पसल,किचनसामाग्री** | | |
| क | भाडा तथाकिचन सामाग्री थोक पसल | | १६५० |
| ख | भाडा तथाकिचन सामाग्री खुद्रा पसल | | ७०० |
| **४** | **होटल एण्ड लज** | | |
| क | होटल एण्ड लज श्रेणी क (प्रति रात लज भाडा १००० वा सो भन्दा माथि भएको | | २५०० |
| ख | होटल एण्डलज श्रेणी ख | | २००० |
| ग | भोजनालय | | १५०० |
| घ | रेष्टुरेन्ट बार | | २००० |
| ङ | मूख्य सडकमा भएको मिष्ठान्न भोजन पसल | | १५०० |
| च | सहाएक सडकमा भएको मिष्ठान्न पसल | | १००० |
| छ | मूख्य सडकमा भएको चिया कफि पसल | | ८०० |
| ज | भित्री वाटोहरुको चिया कफी पसल | | ५०० |
| झ | मादक पदार्थ विक्री गर्ने पसल तथा खाना खुवाउने | | ४००० |
| ञ | मादक पदार्थ विक्रि मात्र गर्ने पसल | | २००० |
| **५** | **निर्माण सामाग्री तथा विद्युत सामाग्री पसल** | | |
| क | हार्डवेयर मेशिनरी पेन्ट तथा मार्वल पसल थोक पसल | | ६००० |
| ख | हार्डवेयर मेशिनरी पेन्ट तथा मार्वल खुद्रा पसल | | २००० |
| ग | विद्युत सामाग्री खुद्रा पसल | | १५०० |
| घ | ग्लास हाउस आल्मूनियम फ्रेमिङ | | २००० |
| **६** | **सुनचादी तथा गर गहना बनाउने पसल** | | |

| | | | |
|---|---|---|---|
| क | सुन चाँदी पसल होलसेल | | ६००० |
| ख | सून चाँदी पसल खुद्रा | | **५५००** |
| **७** | **स्टेशनरी, पुस्तक तथा मनिहारी पसल** | | |
| क | स्टेशनरी तथा पुस्तक थोक | | **३०००** |
| ख | स्टेशनरी तथा पुस्तक खुद्रा (ख) | | **१०००** |
| ग | कस्मेटीक थोक पसल | | २२०० |
| घ | कस्मेटीक खुद्रा पसल | | १००० |
| ङ | धागो, टाँक, फस्नर, थोक पसल | | १६५० |
| च | धागो, टाँक, फस्नर, खुद्रा पसल | | ७०० |
| **८** | **माछा, मासु विक्रीपसल** | | |
| क | फ्रेस हाउस कुनै २ वटा एकै स्थानमा भएमा | | ७०० |
| ख | राँगा, खसी, सुँगुर, कुखुरा मध्ये कुनै एक वटा सेवा भएको | | ५५० |
| ग | ताजा माछा, सिद्रा विक्री पसल | | ५५० |
| घ | अण्डाविक्री पसल | | ५५० |
| ङ | गाई गोरु, राँगा भैसी, खसी बोका संकलन वा विक्री | | ५५० |
| **९** | **औषधी व्यवसाय** | | |
| क | औषधी थोक तथा डिष्ट्रीव्यूटर्स | | ३३०० |
| ख | औषधी पसल चिकित्सक राखि व्यवसाय गरेको | | १५०० |
| ग | औषधी खुद्रा पसल मेडिकल हल | | १००० |
| घ | आयुरवेदिक / होम्योपेथिक औषधी पसल | | १००० |
| ङ | एग्रोभेट थोक पसल | | १६५० |
| च | एग्रोभेट खुद्रा पसल | | ७०० |
| छ | क्लिनिक तथा ल्याव | | २००० |
| **१०** | **सूचीकार** | | |
| क | सर्टिङ, सुर्टिङ सहितको टेलरिङ व्यवसाय | | ७०० |
| ख | बुटिक ल्याव्रटोरी | | ७०० |
| ग | नोटः हातेमेसिन राखि सिलाई गर्ने । | | ५०० |
| **११** | **इलेक्ट्रोनिक विक्रीपसल** | | |
| क | मोवाइल कम्पनी सेल्फ उपशाखा, डिष्ट्रीव्यूटर्स | | ३००० |
| ख | फ्रिज, टि.भि., डेक, तथा पार्ट विक्री पसल | | २००० |
| ग | अडियो, भिडियो क्यासेट पसल सिडी समेत | | ७०० |
| **१२** | **मर्मत तथा संभारसेवा** | | |
| क | इन्जिन मर्मत (हेभी) बस,ट्रकको वर्कसप | | **२०००** |
| ख | जीप, कार तथा ट्याक्टर मर्मत तथा सर्भिसिङ | | **१५००** |

| | | | |
|---|---|---|---|
| ग | मोटरसाइकल मर्मत | | **१५००** |
| घ | टि.भी, डेक, मोवाइल, फ्रीज मर्मत सेवा | | ७०० |
| ङ | इलेक्ट्रोनिक मर्मत सेवा | | ७०० |
| च | रेडियो, घडि, क्यालकुलेटर, प्रेसर कुकर, हिटर तथा अन्य सानो विद्युत सामान मर्मत पसल | | ७०० |
| छ | रिक्सा, साईकल मर्मत | | **१०००** |
| ज | सवारी साधन सर्भिसिङ (सवारी धुलाई) | | ५०० |
| झ | फलाम, जस्ता पाताको समान वनाउने तथा मर्मत गर्ने | | ५०० |
| ञ | टायर रिसोलिङ, हावा भर्ने,पञ्चट हान्ने, टायर मर्मत | | ५०० |
| **१३** | **सवारी साधन एजेन्सि,थोक विक्रि पसल तथा पाटपुर्जा पसल** | | |
| क | वस, ट्रक, ट्याक्टर , जिप, कार प्रति डिलर | | **२०००** |
| ख | मोटर साइकाल डिलर | | **१५००** |
| ग | साईकल निर्माण तथा विक्री | | **१०००** |
| **१४** | **सञ्चार सेवा** | | |
| क | कलर ल्याव सेवा | | १६५० |
| ख | फोटो स्टुडियो सेवा | | ७०० |
| ग | टि.भि.च्यानल प्रशारण सेवा | | ७०० |
| घ | केवुल च्यानल प्रशारण सेवा | | २२०० |
| ङ | सामुदायिक एफ.एम. प्रशारण सेवा | | ११०० |
| च | फोटोकपी पी. सी .ओ. साईवर क्याफे सेवा | | ११०० |
| छ | कुरियर सेवाको मूख्य कार्यालय | | ११०० |
| ज | कम्प्युटर सप्लार्यस | | १६५० |
| झ | कुरियर सेवाको शाखा कार्यालय | | ५५० |
| **१५** | **ड्राई क्लिनिक धोवि पसल** | | |
| क | ड्राई क्लिनिक पसल | | ११०० |
| **१६** | **सैलुन तथा व्युटी पार्लर सेवा** | | |
| क | व्यूटी पार्लर सेवा व्यूटीशियन तालिम सहितको | | ७०० |
| ख | व्यूटिपार्लर सेवा | | ७०० |
| ग | सैलुन २ सिट माथि | | ५०० |
| घ | सैलुन २ सिट सम्म | | ५०० |
| १७ | **मदिरा सुर्ती जन्य हल्का पेय पसल** | | |
| क | रक्सी वियरको डिस्ट्रिव्यूटर्स | | २००० |
| ख | रक्सी वियरको डिलर सप्लायर्स | | १६५० |
| ग | रक्सी वियरको सव डिलर सप्लायर्स | | २२०० |

| | | | |
|---|---|---|---|
| घ | रक्सी वियरको खुद्रा विक्री पसल | | १६५० |
| ङ | चुरोट, विडि सुर्ति जन्य पदार्थको डिलर पसल | | २२०० |
| च | चुरोट, विडि सुर्ति जन्य पदार्थको थोक पसल | | १००० |
| छ | चुरोट, विडी सुर्ति जन्य पदार्थको खुद्रा पसल | | ७०० |
| ज | हल्का पेय पदार्थको खुद्रा डिस्ट्री व्युटर्स | | ७०० |
| **१८** | **बित्तियसेवा** | | |
| क | वाणिज्य वैंक प्रति शाखा कार्यालय | | ५५०० |
| ख | विकाश वैंक प्रति केन्द्रिय कार्यालय | | ५५०० |
| ग | विकाश वैंक प्रति शाखा कार्यालय | | ५००० |
| घ | फाइनान्स कम्पनी, वित्तिय सहकारी संस्था मूख्य कार्यालय | | २२०० |
| ङ | फाइनान्स कम्पनी, वित्तिय सहकारी संस्था प्रति शाखा कार्यालय | | २२०० |
| च | लघु वित्त विकाश वैंक शाखा कार्यालयहरु | | २२०० |
| छ | विमा कम्पनिहरु | | २२०० |
| ज | मनी एक्स चेन्जर ट्रान्सफर | | १६५० |
| झ | माथि उल्लेखित वाहेक अन्य शहकारी संस्थाहरु | | ५५० |
| **१९** | **पेट्रोलियम पदार्थ** | | |
| क | पेट्रोलियम पदार्थ विक्री डिलर तथा मट्टितेल समेत विक्रि गर्नेलाई (डिलर प्याक) | | २५००.० |
| ख | ग्यास सिलिन्डर विक्री डिलर तथा मट्टितेल समेत विक्री गर्नेलाई | | २०००.० |
| **२०** | **कवाडी समान,खाली वोराखरिद विक्री** | | |
| क | कवाडी सामाग्रीहरु विक्री वितरण गर्ने | | ५०० |
| **२१** | **बांस तथा ढुङ्गा, गिट्टि जम्मा गरि विक्री गर्ने** | | |
| क | ढुङ्गा तथागिट्टी विक्री वितरीण गर्ने | | १६५० |
| **२२** | **फर्निचरतथा फर्निसिङ** | | |
| क | स्टील, काठ, आल्मूनियमको फर्निचर पसल | | ७०० |
| ख | आल्मूनसएम पसल | | ७०० |
| ग | फर्निचर पसल | | ७०० |
| २३ | स्नुकर तथापुल हाउस | | ५५० |
| २४ | विज्ञापन सेवा | | ५५० |
| २५ | स्वदेशी तथा विदेशी रोजगार सेवा | | २००० |
| २६ | हाउजिङ कम्पनि तथा घर जग्गा खरिद विक्री | | २००० |
| २७ | चिकित्सक | | ११०० |
| २८ | पशु चिकित्सक | | ७०० |
| २९ | दन्त चिकित्सा सेवा | | ७०० |

| | | | |
|---|---|---|---|
| ३० | ईन्जिनियरिङ परामर्श शेवा | | ७०० |
| ३१ | कानून व्यवसाई | | ७०० |
| ३२ | विमाएजेन्ट / शेयर ब्रोकर | | ७०० |
| ३३ | कविराज | | ७०० |
| ३४ | कन्सल्टयान्ट सेवा | | ७०० |
| ३५ | **निर्माण व्यवसाय** | | |
| क | श्रेणी क | | ३५०० |
| ख | श्रेणी ख | | ३००० |
| ग | श्रेणी ग | | २५०० |
| घ | श्रेणी घ | | २००० |
| ङ | विदेशी निर्माण व्यवसायी भएमा | | ३०० |
| च | घर निर्माण ठेकेदारी व्यवसाय | | १५०० |
| **३७** | **साईन वोर्ड लेख्ने ( पेन्टर )** | | ७०० |
| | **लेखापरिक्षण** | | |
| क | लेखापरिक्षण व्यवसाय श्रेणी क | | २००० |
| ख | लेखापरिक्षण व्यवसाय श्रेणी ख | | १५०० |
| ग | लेखापरिक्षण व्यवसाय श्रेणी ग | | १००० |
| घ | कम्प्यूटर एनालिष्ट तथा प्रोगामर | | ७०० |
| ङ | अनुवादक | | ७०० |
| **३८** | **शिक्षासेवा** | | |
| क | निजी शिक्षालय उच्च माध्यमिक विद्यालय | | ११०० |
| ख | निजी शिक्षाँलय क्याम्पस | | ११०० |
| ग | निजी शिक्षालय माध्यमिक विद्यालय | | ११०० |
| घ | निजि शिक्षालय निम्न माध्यमिक विद्यालय | | ११०० |
| ङ | प्राथमिक विद्यालय पूर्व प्राथमिक विद्यालय | | ११०० |
| च | छात्र छात्र वास | | ११०० |
| छ | मन्टेश्वरी तथा शिशू स्याहार केन्द्र | | १००० |
| ज | पोली टेक्निकल ईन्टिच्यूट, प्रशिक्षण समेत | | १००० |
| झ | नर्सिङ. सिए. मए. ए. प्रशिक्षण केन्द्र समेत | | १००० |
| ञ | एजुकेशनल कन्सलटेन्सी सेवा | | १००० |
| ट | तालिम तथा अनुसन्धान केन्द्र | | १००० |
| ठ | कम्प्यूटर ईलेक्ट्रो तालिम, भाषा शिक्षा कोचिङ सेन्टर सवारी चालक तालीम केन्द्र | | १००० |
| ड | संगित, डान्स तालिम केन्द्र जिमखाना (फिटनेस सेन्टर ) | | ५०० |

| | | | |
|---|---|---|---|
| **३९** | **गैर सरकारी संस्थाहरु** | | |
| क | अन्तराष्ट्रीय गैर सरकारी संस्थाहरु | | ३००० |
| ख | राष्ट्रिय गैर सरकारी संस्थाहरु | | १५०० |
| **४०** | **स्वास्थ्य सेवा** | | |
| क | गैर सरकारी अस्पताल | | ३३०० |
| ख | नर्सिङ होम | | ३३०० |
| ग | एम. आर. आई., सिटिस्क्यान, अल्ट्रासाउण्ड क्लिनिक | | २५०० |
| घ | दिशा, पिसाव रगत जाँच तथा एक्सरे क्लिनिक | | २००० |
| ङ | अक्यू पन्चर, थेरापी प्याथोलोजी क्लिनिक | | २००० |
| च | चस्मा पसल श्रेणी डाक्टर सहित भएमा | | २००० |
| ४१ | पशूपंक्षीको आहार / दाना बिक्री पसल | | **५५०** |
| ४२ | डिपार्टमेन्टल पसल | | १६५० |
| ४३ | गिफ्ट तथाफोटो फ्रेम पसल | | ३५० |
| **४४** | **बाँसको नाङ्लो डोको कुचो बिक्री** | | |
| क | बाँसको नाङ्लो डोको कुचो होल सेल बिक्री | | २२० |
| ख | बाँसको नाङ्लो डोको कुचो खुद्रा बिक्री | | १२० |
| ४५ | पुजा सामाग्री डोरा माला विक्री गर्ने पसल | | **५००** |
| ४६ | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | | **३३००** |
| ४७ | **फलफूल / पानपसल** | | |
| क | फलफूल खुद्रा पसल | | १००० |
| ख | पानपसल | | ५०० |
| **४८** | **छापाखाना** | | |
| क | अफसेट सिलिन्डर सहित प्रेस | | २००० |
| ख | छापाखाना | | १५०० |
| ग | स्क्रिन प्रिन्ट | | ७०० |
| ४९ | नर्सरी अन्य | | ५०० |
| ५० | चाउचाउ उद्योग | | २००० |
| ५१ | कूकिज पाउरोटी उद्योग | | १२०० |
| ५२ | पापड / चिप्स / फिंगर / नुडल्स उद्योग | | १००० |
| ५३ | सूर्तीजन्य उद्योग र गुडका / वीडि उद्योग | | २००० |
| ५४ | अगर वत्ति तथा मैन वत्ति उद्योग | | १००० |
| ५५ | दाल मोठ उद्योग | | १००० |
| ५६ | मसल उद्योग | | १००० |
| ५७ | कपास उद्योग | | १००० |

| | | | |
|---|---|---|---|
| ५८ | ईलेक्ट्रिक स्विच बोर्ड वनाउने | | १००० |
| ५९ | सेलर मिल /फ्लावर मिल | | १००० |
| ६० | हलर मिल, चिउरा, कुटानी, पिसानी मिल | | १००० |
| ६१ | छाला / प्लास्टिक उद्योग (झोला उत्पादन गर्न पाईने छैन ) | | १५०० |
| **६२** | **जुट बाईन्डिङ तर्फ** | | |
| क | वेत बाँसको सामाग्री बनाउने उद्योग | | १२० |
| ख | मेसिन वाटजुट वाईन्डिङ | | १२० |
| ग | हात वाट जुट वाईन्डिङ | | १२० |
| ६३ | डेरी उद्योग | | १५०० |
| ६४ | गलैंचा उद्योग | | १५०० |
| **६५** | **प्लाईउड उद्योग** | | |
| क | रु.१ करोड १० लाखसम्म पूँजी भएको | | २००० |
| ख | रु.१करोड ५० लाखभन्दा माथी पुँजी भएको | | २५०० |
| ६६ | गारमेन्ट उद्योग | | ५००० |
| **६७** | **फर्निचर त था सः मिल** | | |
| क | सः मिल | | |
| ख | फर्निचर उद्योग मेशिनवाट चल्ने | | १२०० |
| ग | फर्निचर उद्योग हातवाट चल्ने | | १००० |
| घ | ग्रील उद्योग | | १५०० |
| ङ | पशू आहार उद्योग | | १६५० |
| ६८ | सिरक / डसना उद्योग पसल | | १००० |
| ६९ | मिनिरल वाटर उद्योग | | २००० |
| ७० | भाडा उद्योग | | २००० |
| ७१ | चिया उद्योग | | २००० |
| ७२ | ढाका टोपी पस्मिना उद्योग | | ७०० |
| **७३** | **केवुल संचालन गर्ने व्यवसाय** | | |
| क | २०० सम्म ग्राहक संङ्ख्या भएको | | ३५०० |
| ख | २०० देखी ५०० सम्म ग्राहक सङ्ख्या भएको | | ४५०० |
| | **टावर** | | |
| क | मोवाइल टावर ठूलो | | **१५००** |
| ख | मोवाइल टावर सानो | | **१०००** |
| | **केवुल संचालन गर्ने व्यवसाय** | | |
| क | २०० सम्म ग्राहक संङ्ख्या भएको | | ३५०० |
| ख | २०० देखी ५०० सम्म ग्राहक सङ्ख्या भएको | | ४५०० |

**अनुसूची ४**
**(दफा ५ संग सम्वन्धित)**
**विज्ञापनकर**

| **(होर्डिङ्गवोर्ड, साइनवोर्ड, व्यानरवोर्ड, ग्लोसाइनवोर्ड, डिजिटलवोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लेख्ने वा विद्युतीय तरङ्ग प्रयोग गरी प्रचार प्रसारका लागि राखिने वस्तु वा सामाग्री** | |
|---|---|
| व्यापारिक प्रयोजन | प्रति वर्ग फिट रु.५० |
| सचेतना तथा सन्देशमूलक | प्रति वर्ग फिट रु.१० |

**अनुसूची ५**
**(दफा ६ संग सम्वन्धित)**
**सवारी साधनकर**

| | | | |
|---|---|---|---|
| क | बस ट्रक लहरी र अन्य हेभी गाडी | | १००० |
| ख | भाडाको कारजीप | | २०० |
| ग | भाडाको टेम्पो | | १०० |
| घ | भाडाको मिनि वस | | ५०० |
| ङ | नीजि कार टेम्पो | | १०० |
| च | स्कुटर मोटर साइकल | | ५० |
| छ | ठेला गाडा रिक्सा | | १५ |

# अनुसूची ६
## (दफा ७ संग सम्वन्धित)
## जीवजन्तु, वनपैदावार, जडिवुटी र कवाडीकर

| | | | |
|---|---|---|---|
| | **वनजन्य (काठ) निकासी** | | |
| क | काठ साल (गोलिया) | प्रति क्यू फिट | **१५** |
| ख | काठ साल (चिरान) | प्रति क्यू फिट | २० |
| ग | कुकाठ (चिरान) | प्रति क्यू फिट | ८ |
| घ | दाउरा / वाकल, काठ | प्रति ट्रक | २००० |
| ङ | दाउरा / वाकल, काठ | प्रति ट्याक्टर | **१५००** |
| च | उतिस/सल्लो | प्रति क्यू फिट | ८ |
| छ | कटुस | प्रति क्यू फिट | **१०** |
| ज | चिलाउने | प्रति क्यू फिट | **१०** |
| झ | वाँस | प्रति ट्रक | **१५००** |
| | **पशु जन्य जिल्ला निकासी कर** | | |
| क | गोरु, भैसी, राँगा, | प्रति गोटा | १०० |
| ख | गाई, पाडापाडी, वाछ्रावाछी | प्रति गोटा | ६० |
| ग | खसी, भेडा, च्याङ्ग्रा, सुँगुर, बंगुर | प्रति गोटा | ६० |
| घ | बाख्रा पाठापाठी, सुंगुर वंगुर पाठापाठी | प्रति गोटा | २० |
| ङ | कुखुरा, परेवा, हाँस | प्रति गोटा | १० |
| | **निकासी कर** | | |
| क | हाते कागज, नेपाली कागज | १०० गोटा | **१०** |
| ख | सिमेन्ट निकासी (जिल्ला भित्र र वाहिर ) | प्रति वोरा | २ |
| | **हाड, छाला, सिङ, खुरजिल्ला निकासी कर** | | |
| क | छाला ठुलो | प्रतिगोटा | **५०** |
| ख | छाला सानो | प्रति गोटा | **२५** |
| ग | हाड, सिङ, खुर | प्रति के.जी. | **५** |
| घ | प्वाख | प्रति के.जी. | **५** |
| | **कृषी जन्य जिल्लानिकासी कर** | | |
| क | अलैची | प्रतिके.जी. | १० |
| ग | गुच्छी च्याउ | प्रति के.जी. | ५ |
| घ | केरा | प्रति १०० | **५** |
| ङ | सुकेको वेसार | प्रति के.जी. | **१** |
| च | लसुन | प्रति के.जी. | **१** |

| | | | |
|---|---|---|---|
| छ | सुन्तला | प्रति १०० | ५ |
| ज | नास्पाति | प्रति १०० | ५ |
| झ | जुनार, निबूवा, | प्रति १०० | ५ |
| ञ | बोडा, गहत, फिलुङ्गे, दाल दलान | प्रति के.जी. | १ |
| ट | कालो मास | प्रति के.जी. | १ |
| ठ | आँप | प्रति १०० | ५ |
| ड | अदुवा | प्रतिके.जी. | ०.५० |
| ढ | काँचो वेसार | प्रतिके.जी. | ०.५० |
| ण | कटहर (भुँई कटहर, रुख कटहर ) | प्रति १०० | २५ |
| त | तोरी र तेलहन | प्रति के.जी. | २ |
| थ | पिना | प्रति के.जी. | १ |
| ध | आलु | प्रति के.जी. | १ |
| न | भटमास | प्रति के.जी. | १ |
| प | मकै, धान, कोदो, फापर, गहुँ, चामल | प्रति १०० के.जी. | ५ |
| फ | पिडालु | प्रति १०० के.जी. | ५ |
| ब | सखखर | प्रति १०० के.जी. | ५ |
| म | तित्री (इमली) | प्रति १०० के.जी. | ३० |
| य | फर्सी | प्रति १०० के.जी. | १० |
| र | तरुल जन्यवस्तु | प्रति के.जी. | १ |
| श | लिच्ची | प्रतिके.जी. | १ |
| स | कागति | १०० गोटा | १० |
| ह | बाँस कोसिन्का | प्रति के.जी. | १ |
| क्ष | मिनरल्स वाटर | १०० गोटा | १० |
| त्र | फूल कोभी | ५ के.जी. | १ |
| ज्ञ | भान्टा | ५ के.जी. | १ |
| क | हरियो साग सब्जि | ५ के.जी. | १ |
| ख | टमाटर | ५ के.जी. | १ |

**अनुसूची ७**
**(दफा ८ संग सम्वन्धित)**
**मनोरन्जनकरः**

| | | |
|---|---|---|
| क | सार्वजनिक स्थानमा सर्कस प्रदर्शन गर्नेलाई दैनिक | ११०० |
| ख | समय समयमा लाग्ने मेलामा (मेला ठेकेदारवाट पेशा कर वापत ) दैनिक | ११०० |

**अनुसूची ८**
**(दफा ९ संग सम्वन्धित)**
**थानीय पूर्वाधार (सडक) उपयोग शुल्कः**

| | | |
|---|---|---|
| क | बस ट्रक लहरी र अन्य हेभी गाडी | १००० |
| ख | भाडाको कारजीप | २०० |
| ग | भाडाको टेम्पो | १०० |
| घ | भाडाको मिनि वस | ५०० |
| ङ | नीजि कार टेम्पो | १०० |

| | **सवारी साधन पटके कर** | | |
|---|---|---|---|
| क | सडक सवारी कर (ट्र्याक्टर, ट्रक, वस ) | प्रति पटक | ५० |
| ख | सडक सवारी कर (जिप, कार , ट्याक्सी, अन्य साना गाडीहरु ) | प्रति पटक | ५० |
| ग | विदेशी नम्वर प्लेट भएका भाडाका गाडीहरु (ट्र्याक्टर, ट्रक, वस) | प्रति पटक | १०० |
| घ | विदेशी नम्वर प्लेट भएका भाडाका गाडीहरु (जीप, कार) | प्रति पटक | १०० |

**अनुसूची ९**
**(दफा १० संग सम्वन्धित)**
**दहत्तर वहत्तर प्राकृतिक श्रोत वस्तु वा सेवा विक्रि तथा निकासी सेवा शुल्क**

| | | | |
|---|---|---|---|
| | **ढुङ्गा गिट्टि, वालुवा, आदि प्राकृतिक एवं खानी जन्य वस्तुहरुको विक्री तथा निकासी र सडक मर्मत संभार शुल्क** | | |
| क | सडक मर्मतसंभार शुल्क | | |
| | ठूला ट्रकट्रिपर | प्रति टिप | ३०० |
| | आइचर | प्रति टिप | २०० |
| | निशान | प्रति टिप | १५० |
| | ट्र्याक्टर | प्रति टिप | १०० |
| ख | ढुङ्गा गिट्टि, वालुवा, संकलन तथा विक्री शुल्क संकलन ३ र विक्री शुल्क ६ | प्रति घन फिट | ९ |
| | पत्रे ढुंगा निकासी | प्रति वर्ग फिट | ६ |
| | ढुङ्गा गिट्टि, वालुवा निकासी | प्रति ट्रक | **१५००** |
| | ढुङ्गा गिट्टि, वालुवा निकासी | प्रति टयाक्टर | **८००** |
| | **स्रोत उपयोग कर खानीजन्य** | | |
| **सि.न.** | **विवरण** | **इकाई** | **आ.व.२० ७९/८०** |
| | खानीवाट उत्पादित सिमेन्ट कच्चा पदार्थ (जिल्ला वाहिर निकासी ) | प्रति मे.टन | १० |

## अनुसूची १०
## (दफा ११ संग सम्वन्धित)
## भवन संरचना नक्सापास दस्तुर

| | | | |
|---|---|---|---|
| क | आर.सि.सि., आर. वि. सी. सिमेन्ट वा सूर्की, चुना, बर्जी को जोडाई भुईतले पहिलो घर लाई प्रति वर्ग फिट | | विनियम वमोजिम हुनेछ |
| ख | आर. सि. सि., आर. वि .सी. सिमेन्ट वा सूर्की, चुना, ईटाको जोडाई भुई तला माथि पहिलो तला लगाएमा प्रति वर्ग फिट | | विनियम वमोजिम हुनेछ |
| ग | आर.सि.सि.,आर.वि.सी. सिमेन्ट वा सूर्की, चुना, ईटाको जोडाई माथिल्लो तलाको लागि दोस्रो तला थपी वनाएमा प्रति वर्ग फिट | | विनियम वमोजिम हुनेछ |
| घ | आर.सि.सि.,आर.वि. सी. सिमेन्ट वा सूर्की, चुना, ईटाको जोडाई माथिल्लो तलाको लागि तेस्रो तला थपी वनाएमा प्रति वर्ग फिट | | विनियम वमोजिम हुनेछ |
| ङ | इटा, ढुङ्गा ,सिमेन्ट जोडाई भएको टिनको छाना भएको घरको प्रति वर्ग फिट | | विनियम वमोजिम हुनेछ |
| च | दिवाल सेन्टर वेरा, छत,कर्कटपाता भएको वा ए.सी सिटको छाना भएको घरलाई प्रति वर्ग फिट | | विनियम वमोजिम हुनेछ |
| छ | दिवाल काठको छत कर्कटपाता भएको र अन्य सवैलाई (तर फुसको छाना,फुसकोवेरा भएकोलाई घर नक्सापास दस्तुर नलिने) प्रति वर्गफिट | | विनियम वमोजिम हुनेछ |
| ज | वाउण्ड्रीवाल पक्कीलाई प्रति रनिंग फिट (चौडा र लम्वाई) | | विनियम वमोजिम हुनेछ |
| झ | अण्डरग्राउण्ड घर निर्माण गरेमा प्रति वर्गफिट | | विनियम वमोजिम हुनेछ |
| | **नोटः नक्सा पास गर्नुपर्ने नियमः नक्सा पास नगरी घर बनाएमा निएमानुसार लाग्ने दस्तुरमा २ प्रति वर्गफिट थप जरिवाना लिई नियमित गरिनेछ ।** | | |
| क | नक्सा पास निवेदन फाराम दस्तुर | | विनियम वमोजिम हुनेछ |
| ख | निर्माण सम्पन्न प्रमाण पत्र | | विनियम वमोजिम हुनेछ |
| ग | नाम सारी प्रति घर | | ११०० |
| घ | स्थल गत सर्जिमिन अमिन रेखाङ्कन | | ११०० |
| ङ | भवनको स्थलगत निरिक्षण दस्तुर प्राविधिक ले आउट | | ५५० |
| च | सम्पति मूल्याङ्कन दस्तुर | | १००० |

## अनुसूची ११
## (दफा १२ संग सम्वन्धित)
## वहाल विटौरी शुल्क

नगरपालिका क्षेत्रभित्र रहेका सरकारी स्वामित्व वा उपभोग वा संरक्षणमा रहेको जग्गा वा संरचना उपयोग गरेवापत नगरपालिकाले तोके बमोजिम वहाल विटौरी शुल्क असुल उपर गरिनेछ ।

## अनुसूची १२
## (दफा १३ संग सम्वन्धित)
## पार्किङ्ग शुल्क

| | | |
|---|---|---|
| क | ठूलो चारपांग्रे | ४० |
| ख | सानो चारपांग्रे | ३० |
| ग | दुइपांग्रे | २० |
| घ | हेभी गाडीतथा ट्रक | ५० |

**अनुसूची १३**
**(दफा १४ संग सम्वन्धित)**
**सफाई शुल्क**

| **क्र.सं** | **विवरण** | **अवधि** | **दररेट** |
|---|---|---|---|
| १ | सानो होटल | प्रति महिना | ५०० |
| २ | ठूलो होटल | प्रति महिना | १५०० |
| ३ | मझौला होटल | प्रति महिना | १००० |
| ४ | सामान्य होटल | प्रति महिना | २०० |
| ५ | घर | प्रति महिना | ५० |
| ६ | ठूला किराना पसल | प्रति महिना | ३०० |
| ७ | साना किराना पसल | प्रति महिना | १०० |
| ८ | ग्यारेज | प्रति महिना | २०० |
| ९ | काष्ठ उद्योग | प्रति महिना | १०० |
| १० | मन्दिर | प्रति महिना | ५००० |
| क | परिवार लगत सरसफाई कार्डको दस्तुर | सम्झौता अनुसार हुनेछ। | |
| ख | परिवार लगत सरसफाई कार्डको प्रतिलिपि दस्तुर | सम्झौता अनुसार हुनेछ। | |
| ग | व्यवसाय प्रमाण पत्रको कार्डको दस्तुर | सम्झौता अनुसार हुनेछ। | |
| घ | व्यवसाय प्रमाणपत्र को प्रतिलिपि कार्डको दस्तुर | सम्झौता अनुसार हुनेछ। | |

**अनुसूची १४**
**(दफा १५ संग सम्वन्धित)**
**सेवा शुल्क**

| | **नागरिकता** | | |
|---|---|---|---|
| क | वंशज | | ५० |
| ख | अंगीकृत | | ५०० |
| ग | प्रतिलिपि | | १०० |
| घ | निवेदन तथा सिफारिस दस्तुर | | १०० |
| ङ | निवेदन दस्तुर नियमानुसार लाग्ने (टिकट) | | १०० |
| च | नक्कल दस्तुर नियमानुसार लाग्ने | | १०० |
| छ | नेपाली अंग्रेजी सिफरिसको प्रमाणित गर्दा प्रतिपाना | | **५००** |
| ज | नक्कल दस्तुर नियमानुसार लाग्ने | | १०० |
| झ | नक्सा पासको नक्कल दस्तुर | | १०० |
| ञ | मिलापत्र दस्तुर दुवै पक्ष बाट आधा आधा वेहोरिने गरी | | १०० |
| ट | नाता प्रमाणित दस्तुर नेपालीमा | | २०० |
| ठ | **व्यक्तिगत घटना दर्ता शुल्क** | | |
| क | ३५ दिनभित्र दर्ता गर्न आएमा | | निशुल्क |
| ख | ३५ दिन पछिदर्ता गर्न आएमा | | १०० |
| ग | व्यक्तिगत घटना प्रमाण पत्रको प्रतिलिपी | | **५००** |
| | **घर भएको सिफारिस घरको मुल्याङ्कनको आधारमा** | | |
| क | पुर्जामा फोटो टास सिफारिस | | १०० |
| ख | अन्य सिफारिसमा फोटो टास सिफारीस | | १०० |
| ग | संघ संस्थादर्ता सिफारिस दस्तुर | | १००० |
| घ | संघ संस्था नविकरण | | ५०० |
| | **अन्य सिफारीस** | | |
| क | सरजमीन सिफारिश दस्तुर | | १०० |
| ख | उजुरी तथा मुद्दा दस्तुर | | १०० |
| ग | चाल चलन तीनपुस्ता नाता सम्बन्ध सम्मन्धी सिफारिस | | २०० |
| घ | विधुत खानेपानीको सिफारिस | | १०० |
| ङ | व्यवसाय नामसारी सिफारिस दस्तुर | | ५०० |
| च | व्यवसाय लगत कत्ता सिफारिस दस्तुर | | ५०० |
| छ | माथि बाहेकका अन्य सिफारिस | | १०० |
| ज | चार किल्ला प्रमाणित सिफारिस दस्तुर | | ३०० |
| झ | जग्गा नामसारी दस्तुर | | २०० |
| ञ | घर बाटे भए नभएको सिफारिस | | २०० |

| | | | |
|---|---|---|---|
| ट | घरेलु सीफारिस | | २०० |
| ठ | नाता प्रमाणित दस्तुर अंङ्ग्रेजी | | ३०० |
| ड | आय प्रमाणित | | ५०० |
| ण | कन्सुलर प्रमाणित | | ५०० |
| | **उद्योग स्थापना सीफारिस दस्तुर** | | |
| क | ठुलो उधोग | | १५०० |
| ख | मझौला उधोग | | १००० |
| ग | घरेलु उधोग | | ५०० |
| | **निजी विधालय स्थापना सिफारिस** | | |
| क | नया विद्दालय स्थापना गर्न | | १००० |
| ख | थप कक्षा सिफारिस प्रति कक्षा | | ५०० |
| ग | विध्धालय ठाउँ सारीको सिफारिस | | ५०० |
| | **अमिन फिल्ड चेकदस्तुर** | | |
| १ | बाहुनिडाँडा | | ३०००.० |
| २ | डिकुवा | | ३०००.० |
| ३ | च्यास्मिटार | | २०००.० |
| ४ | बडहरे | | २०००.० |
| ५ | दुर्छिम | | १५००.० |
| ६ | मंगलटार | | २०००.० |
| ७ | महादेबस्थान | | २०००.० |
| ८ | धितुङ | | २०००.० |
| ९ | सल्ले | | २५००. |
| १० | अखौंले | | २५००. |
| ११ | राजापानी | | ३०००.० |
| | **घर कायमको सिफारिस** | | |
| क | पक्की घर (प्रति वर्ग फीट ) | | ४ |
| ख | कच्ची घर (प्रति वर्ग फिट ) | | ३ |
| **७७** | **मोही लगतकट्टा सिफारिस** | | |
| क | १ रोपनी सम्मको | | १२० |
| ख | १ रोपनी देखि माथी प्रति रोपनी थप | | २२० |

**अनुसूची १५**
**(दफा १७ संग सम्वन्धित)**
**छुट तथा थप शुल्क**

१. कुनै उद्योगी व्यवसायीले आ.व.२०७८।०७९ सम्मको वांकी वक्यौता कर शुल्क, महशुल, दण्ड जरिवाना २०७९ साल पौष मसान्त सम्म बुझाएमा प्रोत्साहन स्वरुप वक्यौता रकममा जरिवाना मिनाहा गर्ने । २०७९ साल माघ १ गते पछि वक्यौता रकममा थप २० प्रतिशत जरिवाना सहित असुल गरिनेछ ।

२. गत विगत वर्षमा तोकिए अनुसारको कर रकम वक्यौता नभएका उद्योगी, व्यवसायी चालु आ.व.२०७९।०८० का लागि तोकिएको ५० हजार सम्मको कर रकम पौष मसान्तभित्र एकमुष्ट चुक्ता गर्न चाहेमा र सोही आ.व.का लागि रु.१ लाख भन्दा वढि निर्धारण भएका उद्योगी व्यवसायीले प्रत्येक चौमासिक अवधिमा विभाजन गरी भुक्तानी गर्न चाहेमा वार्षिक रकमलाई बिभाजन गरी प्रति चौमासिक अवधिको हुन आउने रकममा १० प्रतिशतका दरले छुट दिने व्यवस्था गरिएको छ ।

३ वोलपत्रको माध्यमबाट कर, दस्तुर, शुल्क संकलन गर्न फर्म कम्पनी छनौट गरिएको अवस्थामा २०७९।०८० का लागि यस्तो छुट प्रदान गरिने छैन । तर सम्झौताका वखत ठेकेदारले ठेक्का सकारेको रकम एकमुष्ट नगर कार्यपालिकाको खातामा जम्मा गरेमा ठेक्का सकार रकमको १० प्रतिशत छुट दिइनेछ ।